राष्ट्रिय दलित आयोग
२०७५

# दलित थर सूचिकरण सम्बन्धी मापदण्ड, २०७९

आयोगको बैठकबाट स्वीकृत मितिः २०७९/०८/१५

दलित समुदायका पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचिकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने उल्लेख भए अनुसार थर सूचीकरणका लागि सिफारिस गर्न आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ३० बमोजिम राष्ट्रिय दलित आयोगले "दलित थर सूचिकरण सम्बन्धी मापदण्ड, २०७९" बनाई जारी गरेको छ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१.१ यो मापदण्डको नाम "दलित थर सूचिकरण सम्बन्धी मापदण्ड, २०७९" रहेको छ ।

१.२ यो मापदण्ड राष्ट्रिय दलित आयोगबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

२.१"आयोग" भन्नाले राष्ट्रिय दलित आयोगलाई सम्झनु पर्छ ।

२.२"अध्यक्ष" भन्नाले राष्ट्रिय दलित आयोगका अध्यक्षलाई जनाउँछ ।

२.३ "सदस्य" भन्नाले आयोगका सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्षलाई समेत जनाउँछ ।

२.४ "सचिव" भन्नाले आयोगको सचिवको सम्झनु पर्छ ।

२.५"दलित समूदाय" भन्नाले आयोगको सिफारिसमा नेपाल सरकारले परिभाषित गरेको समुदाय सम्झनु पर्छ ।

२.६ "कर्मचारी" भन्नाले आयोगमा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ र सो शब्दले आयोगको कामका खटिएका विशेषज्ञ, समिति वा कार्यदलका सदस्य वा आयोगको काममा संलग्न अन्य निकायका कर्मचारी वा व्यक्तिलाई समेत जनाउनेछ ।

प्र. सचिव

CamScanner

राष्ट्रिय दलित आयोग
२०७५

२.७ "थर" भन्नाले दलित जातजातिमा अर्न्तगत पर्ने सुचीकृत भएका तथा नभएका नेपालमा प्रचलित थर जनाउछ जुन शब्दले कुनै स्थान, भूगोल, क्षेत्र, जिल्ला ठाउँ विशेषको नामको आधारमा राखिएको थरलाई समेत जनाउँछ ।

२.८ "विशेषज्ञ" भन्नाले दलित समुदायको मानव अधिकार सम्बन्धी विषयको अध्ययन, तालिम वा अनुभवको आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा सम्बन्धित विषयको विशेषज्ञता, ज्ञान, दक्षता र सीप भएको वा दलित अधिकारको क्षेत्रमा कुनै विशिष्टिकृत ज्ञान, सीप वा दक्षता भएको आयोगमा विषय विशेषज्ञको रुपमा सूचिकृत व्यक्तिलाई सम्झनु पर्छ ।

२.९ "सिफारिस" भन्नाले सम्बन्धित निकाय वा कार्यालयले आवश्यक प्रमाण, तथ्य, कागजात सहित विवरण खुलाई पठाईएको लिखित पत्रलाई सम्झनुपर्छ ।

२.१० "निवेदन" भन्नाले कुनै व्यक्ति वा समुदायले अनुसूची १ बमोजिमको विवरण भरि लिखित रुपमा पेश गरेको कागजात ।

२.११ "मधेश मूल" भन्नाले मधेश भू-भागमा बसोबास गर्ने वा मधेश भू-भाग वा मूलबाट बसाँईसराई भई नेपाल राज्यमा बसोबास गर्ने व्यक्ति/ समुदाय /जाति बुझाउँछ ।

२.१२ "पहाडी मूल" भन्नाले नेपालको पहाडी भू-भागमा बसोबास गर्ने वा पहाडी भू-भाग वा मूलबाट वसाँईसराई भई नेपाल राज्यमा बसोबास गर्ने व्यक्ति/समुदाय /जाति बुझाउँछ।

२.१३ "थर पहिचान समिति" यस मापदण्डको दफा ४ बमोजिम गठन हुने समिति लाई सम्झनु पर्छ ।

## परिच्छेद -२

## थर सूचिकरणका निवेदन दर्ता तथा संकलन

३. निवेदन दर्ता तथा संकलन. दलित जाति भित्र सूचीकृत हुन छुटेका व्यक्तिहरुले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्ने छ ।

३.१ निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु

क. नेपाली नागरिकताको प्रतिलिपी वा जन्मदर्ताको प्रतिलिपी ।

ख. न्यूनतम एस.एल.सी.वा एस.ई.ई. शैक्षिक योग्यताको प्रमाणपत्र (शैक्षिका योग्यता भएको हकमा)।

ग. सम्बन्धित स्थानिय तह वा वडाको सिफारिस ।

सचिव

घ. परापूर्व कालदेखी बसोबास वा थर प्रयोग आदिको बारेमा सम्बन्धित निकायको सिफारिस ।

ङ. पुर्खा वा आफ्नो पुस्ताको विवरण ।

३.२ निवेदकले थर सूचिकरणका लागी आवश्यक कागजात सहित निवेदन राष्ट्रिय दलित आयोगमा उपस्थित भई वा हुलाक मार्फत वा विद्युतीय माध्यमबाट पठाउन सक्नेछ ।

३.३ प्राप्त निवेदनहरुलाई आयोगले संकलन गरि अनुसूची- २ बमोजिमको ढाँचामा छुटै दर्ता कितावमा दर्ता गर्नुपर्नेछ ।

३.४ प्राप्त निवेदनहरुलाई थर पहिचान समिति समक्ष पेश गर्ने ।

## परिच्छेद -३

## थर पहिचान समिति

**४. थर सूचिकारणका लागी अध्ययन, अनुसन्धान तथा व्यवस्थापनका गर्न देहाय बमोजिमको एक थर पहिचान सिफारिस समिती रहने छ ।**

क) आयोगले तोकेको माननिय सदस्य - संयोजक

ख) आयोगले तोकेको माननिय सदस्य १(एक) जना - सदस्य

ग) आयोगले तोकेको विशेषज्ञ वा विज्ञ १ (एक) जना - सदस्य

घ) आयोगले तोकेको संघ संस्थाको प्रतिनिधि १ (एक) जना - सदस्य

ङ) आयोगले तोकेको उपसचिव - सदस्य सचिव

च) आयोगले आवश्यकता अनुसार थर सूचिकरणसँग सम्बन्धित सरोकारवालाहरुलाई आमन्त्रित सदस्यको रुपमा समावेश गर्न सक्ने छ ।

छ) समितिको बैठक आवश्यकता अनुसार बस्न सक्ने छ।

माथि जेसुकै लेखिएको भएतापनि थर सूचीकरण समितिको बैठक नबसेको अवस्थमा आयोगले आवश्यक ठानेको अवस्थामा प्राप्त निवेदन, सम्बंन्धित निकायको सिफारिस वा प्रमाणका आधारमा आवश्यता अनुसार थर सूचीकरण अध्याबधिक गर्नका नेपाल सरकारलाई सिफारिस गर्न सक्ने छ ।

**५. थर पहिचान सिफारिस समितिको काम, कर्तव्य र अधिकार**

क) थर सूचीकृत गर्नका लागि दिइएका निवेदनको आधारमा शंकास्पद थरहरुको आवश्यकता अनुसार अध्ययन, अनुसन्धान अनुगमन, आवश्यकता अनुसार स्थलगत निरिक्षण गर्ने ।

ख) आवश्यक सूचना तथा तथ्याङ्कहरु संकलन विश्ललेषण गर्ने ।

नि. सचिव

CamScanner

राष्ट्रिय दलित आयोग
२०७५

ग) सरोकावालाहरु संग आवश्यकता अनुसार गोष्ठी, कार्यक्रम, अर्न्तक्रिया, छलफल, समन्वय एवं सहजिकरण गर्ने ।

घ) गैर दलित संग मिल्ने दलित थरहरुलाई एउटै सूचिमा समावेश गराउने ।

ङ) प्राप्त निवेदन एवं तथ्याङ्कहरुको सन्दर्भमा सरोकारवालाहरु संग राय, सुझाव सहित प्रतिवेदन तयार गरि आयोग समक्ष पेश गर्ने ।

**६. थर सूचिकरण व्यवस्थानका आधारहरु :- परम्परागत रुपमा चलि आए अनुरुप दलितलाई पहाडी मूल र मधेशी मूल वर्गमा गरि दुई भागमा राखिने छ।**

**६.१) पहाडी मूल दलितको हकमा :-**

क) परापूर्वकालदेखी चलि हीनतबोध हुने र अपमान वेहोरेका तथा पानी नचल्ने, छोईछिटो गर्ने आएको थर ।

ख) स्थानीय तहबाट भएको सिफारिस ।

ग) विगतमा दलित आयोगबाट सूचीकृत मान्यता प्राप्त तथा विवाद नभएका थरहरु ।

घ) आयोगको सिफारिसमा विगतका नेपाल सरकारले राजपत्रमा सूचिकृत गरेको थरहरु ।

ङ) प्रथा, परम्परा, धर्म, संस्कार, रितिरिवाज र संस्कृती अनुसार सार्वजनिक तथा निजी स्थानहरुमा भेदभाव र छुवाछुतका जात र थरहरु ।

च) मुलुकी ऐन, १९१० अनुसार भेदभावमा परेका ।

छ) गैर दलितले पनि सहजै चिन्न सकिने तथा प्रचलित थर (दलित) भनेर ।

ज) जात र थरका हिसाबले विगत (धैरै पुरानो कालदेखी) गैर दलितले पनि थर चिन्न सक्ने हुनु पर्ने ।

झ) हाल सम्म पनि छूवाछुत भेदभावको चपेटामा परेका जाती र थरहरु ।

ञ) दलित जातीहरु दलित भएको विषयमा सम्वन्धीत जातीहरुमा विवाद नभएको एउटै जाती भित्र कुनै व्यक्ति दलित हो वा होईन भन्ने विवाद आउन नहुने ।

ट) दलितहरु भुगोल र क्षेत्रको हिसाबले फरक - फरक थर जात भएकाले सम्वन्धित भुगोल र क्षेत्रका आधारमा राखिएको थरहरु दलित संघ/संस्था र दलित समुदायले दलित भनि स्वीकार गरेको ।

प्र. सचिव

CamScanner

राष्ट्रिय दलित आयोग
२०७५

६.२ मधेशी दलितको हकमा

क) स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयले दिएको सिफारिसमा वा छरछिमेक समुदायले गरेको भेदभाव र छुवाछुतको आधारमा ।

क) परापूर्वकालदेखी चलि हीनतबोध हुने र अपमान वेहोरेका तथा पानी नचल्ने, छोईछिटो गर्ने आएको थर ।

ख ) दलित विकास समिति गठन भएको प्रदेशहरुमा सम्बन्धित समितिले सिफारिस गरेका जात तथा थरहरु।

ग) मधेशी आयोग तथा मानवअधिकार आयोगबाट दलित भनि प्रमाणित गरिएका थर जातहरु।

घ) हाल प्रचलनमा रहेका थर, गोत्र बाट अपमानजनक पहिचान भएका जात र थरहरु ।

ङ) नेपाली समाजमा सदियौं देखी अत्यन्त क्रुर, अमानविय कुप्रथारुपी तथा छुवाछूतको शोषण र दमन र उत्पीडन व्यहोरेको थर र जातहरु ।

च) नेपालका कुनै पनि भू-भाग वा जिल्लाबाट बसाईसराई गरी पहाडी मूल, भू-भागमा वा नेपाल राज्यभित्रको कुनै पनि स्थानमा आउनु भएका ।

## परिच्छेद -४
## थर सिफारिस तथा प्रकाशन

७. थर सिफारिस तथा प्रकाशन

क) थर पहिचान समितिले तयार गरी पेश गरेको दलित थरहरुको सूचि आयोग समक्ष प्रस्तुत गर्ने।

ख) प्रस्तावित थरहरुलाई आयोगको बैठकबाट अन्तिम रुप दिई नेपाल सरकार समक्ष थर सूचिकृत गरी प्रकाशनका लागि सिफारिस गर्ने ।

ग) आयोगले आवश्यकतानुसार थर सूचिकरणलाई अद्यावधिक गर्न नेपाल सरकारलाई सिफारिस गर्नेछ ।

नि. सचिव

CamScanner

राष्ट्रिय दलित आयोग
२०७५

## परिच्छेद -५
## विविध

८. **मापदण्ड बमोजिम हुने:** यस मापदण्डमा उल्लेखित भएका विषय यसै मापदण्ड बमोजिम र यसमा उल्लेख नभएकामा प्रचलित कानून बमोजिम हुनेछ ।

९. **बचाउ:** यस आयोगबाट यस अघि गरिएका काम कारबाहीहरु यसै मापदण्ड बमोजिम गरेको मानिने छ ।

१०. **संशोधन:** आयोगले यो मापदण्डमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

११. **व्याख्या :** यस मापदण्डमा लेखिएका कुराहरुको अन्तिम व्याख्या गर्ने अधिकार आयोगमा निहित रहनेछ ।

CamScanner

राष्ट्रिय दलित आयोग
२०७१

परिच्छेद २ दफा ३ बमोजिमको

अनुसूची १

निवेदनको ढाँचा

मिति

निवेदकको व्यक्तिगत विवरण

निवेदकको नामथर :

निवेदकको पिताको नाम थर :

निवेदकको माताको नाम थर

निवेदक बाजेको नाम थर

निवेदकको स्थायी ठेगाना :

निवेदकको हालको ठेगाना :

निवेदकको जातिः

निवेदकको शैक्षिक योग्यताः

निवेदकले राख्न चाहेको थरः

निवेदकले थर सूचिकरण वा परिवर्तनका कारणः

निवेदकको पूर्खाको विवरणः

सम्बन्धित निकाय /वडा/संस्था लगायतका सिफारिसः

थप संलग्न कागजात वा आधारहरुः

CamScanner

राष्ट्रिय दलित आयोग
२०७५

परिच्छेद २ को दफा ३.३ बमोजिमको

अनुसूची २

निवेदन दर्ताको ढाँचा

निवेदन दर्ता किताव

| क.स | नाम थर | ठेगाना | निवेदकको जाति | निवेदकले राख्न चाहेको थर | थर राख्ने आधार | सम्बन्धित सरोकारावालाहरु वा सिफारिस / संलगन कागजातहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |

प्र. सचिव

CamScanner